संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
लोकवाणी
राष्ट्रिय दैनिक
फेसबुकमा : www.facebook.com/lokwani.daily




# ६४ वर्षमा नागरिकता लिइन् थापाले

**लोकवाणी संवाददाता**
**दमौली, असोज २८**

हालसम्म पनि नागरिकता नबनाएकी तनहुँको घिरिङ गाउँपालिका-१ निवासी ६४ वर्षीया तारामाया थापाले नागरिकता बनाएकी छन् ।

जिल्ला प्रशासन कार्यालय तनहुँले घिरिङ गाउँपालिका पोखरीछापमा आयोजना गरेको घुम्ती शिवरमा थापाले नागरिकता बनाएकी हुन् । 'यो उमेरमा आएर पनि नागरिकता पाउँदा खुशी लागेको छ,' थापाले



भनिन्, 'बल्ल नेपाली भएको जस्तो अनुभूति भएको छ ।' थापालाई प्रशासन कार्यालयका प्रशासकीय अधिकृत रामप्रसाद ढकालले नागरिकताको प्रमाणपत्र प्रदान गरेका थिए ।

जनतालाई घरदैलोमा पुगेर सेवा प्रवाह गर्ने उद्धेश्यले कार्यालयले असोज २६ र २७ गते घुम्ती शिविर सञ्चालन गरेको थियो । शिविरमा एक सय १९ जना महिला र ७१ जना पुरुष गरी एक सय ९० जनालाई नागरिकता प्रमाणपत्र वितरण गरिएको प्रमुख जिल्ला अधिकारी भरतकुमार शर्माले जानकारी दिए ।

घुम्ती शिविर मार्फत् आदिवासी जनजाति प्रमाणिकरण र परामर्श लगायत मतदाता नामावली संकलनका काम समेत सम्पन्न भएको शर्माले बताए।

शिविरको अवसरमा जिल्ला निर्वाचन कार्यालय तनहुँले सञ्चालन

(बाँकी पृष्ठ २ मा)

# नेकपाको शुभकामना आदानप्रदान सम्पन्न

**लोकवाणी संवाददाता**
**दमौली, असोज २८**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) व्यास नगर संयन्त्रको आयोजनामा बडादशै, शुभ दिपावली, बकर इद, नेपाल सम्वत र छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रम आइतबार दमौलीमा सम्पन्न भएको छ ।

कार्यक्रममा बोल्दै नेकपाका केन्द्रीय सदस्य प्रतापलाल श्रेष्ठले कम्युनिष्ट पार्टीको सरकारलाई सारा विश्वले ध्यान दिएर हेरिरहेको भन्दै जनताको आकांक्षा पूरा गर्न यो सरकार लाग्नुपर्ने बताए ।

नेकपा व्यास नगर संयन्त्रका सदस्य अतिन्द्र केशरी न्यौपानेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रतिनिधि सभाका सांसदद्वय कृष्णकुमार श्रेष्ठ किसान र कलिला खान, नेकपाका जिल्ला संयन्त्र सदस्यहरु राजेन्द्रकेशरी न्यौपाने, श्रीप्रसाद श्रेष्ठ, भगवती न्यौपाने र विष्णभुक्त सिग्देल, नेकपाका जिल्ला नेता मदन आले लगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन नगर संयन्त्र सदस्य श्रीराम कार्कीले स्वागत रामचन्द्र सापकोटा र धन्यवाद ज्ञापन मंगलप्रसाद श्रेष्ठले गरेका थिए ।

## २६ वर्षमा केही गर्न नसक्नेले ६ महिनामा हिसाव खोजे : सांसद श्रेष्ठ

यसैबीच प्रतिनिधि सभाका सांसद कृष्णकुमार श्रेष्ठ किसानले २६ वर्षसम्म जिल्लाको विकासको लागि केही गर्न नसक्ने कांग्रेस नेताहरुले अहिले ६ महिनामै हिसाब खोज्न थालेको बताएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) व्यास नगर संयन्त्रको आयोजनामा आइतबार दमौलीमा आयोजित शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रमलाई सम्बोधन



गर्दै सांसद श्रेष्ठले २६ वर्ष शासन गर्दा केही गर्न नसकेकाहरुले ६

(बाँकी पृष्ठ २ मा)

# अनसन लाईनमा निशुल्क वाईफाई

**लोकवाणी संवाददाता**
**दमौली, असोज २८**

व्यास नगरपालिका वडा नम्बर ३ पराशर टोल स्थित अनशन चौतारा लाईनमा आइतबारदेखि निशुल्क वाईफाई सुविधा जडान भएको छ ।



वडा कार्यालय र वल्र्ड लिङ्क कम्युनिकेशनबीच सम्झौता भई कम्पनीले पाँच वर्षका लागि निशुल्क रुपमा वाईफाई सेवा उपलव्ध गराएको हो ।

वडा अध्यक्ष प्रेमकुमार श्रेष्ठ, सदस्य रविन पौडेल, चौतारा निर्माण समितिका अध्यक्ष सुदिप काफ्ले र कम्पनीका तर्फबाट पवन्धक मनोज मल्लले आइतवार सम्झौतामा हस्ताक्षर गरी वाईफाईको औपचारिक सुरुवात गरेका छन् ।

पार्क निर्माणको योजना डिजाइन बन्ने क्रममा रहेको यस क्षेत्रलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने तथा अस्पताल क्षेत्र एवं चौतारामा विश्राम गर्ने स्थल भएकाले जनतालाई

# परियोजना बारे जानकारी

**लोकवाणी संवाददाता**
**दमौली, असोज २८**

प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना, परियोजना कार्यान्वयन इकाई (तरकारी जोन) को आयोजनामा आइतबार दमौलीमा परियोजना अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना अन्तर्गत तनहुँमा लागु भएको तरकारी जोन कार्यक्रमको बारेमा सरोकारवालालाई जानकारी दिने उद्धेश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा तनहुँ क्षेत्र नम्बर १ का प्रतिनिधि सभाका सांसद कृष्णकुमार श्रेष्ठ किसान, जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्ले, प्रमुख जिल्ला

(बाँकी पृष्ठ ३ मा)



लोकवाणी दैनिक

संसारमा यस्तो कुनै मानवीय घटना भएकै छैन र हुने पनि छैन जो महाभारतमा कल्पना नगरिएको होस् । - वेदव्यास (महाभारत)

## सम्पादकीय.......

### स्वास्थ्य प्रति सचेत बनौं

नेपालीहरुको महान् चाड बडादशैं सबैको घर आँगनमा भित्रिसकेको छ । दशैंलाई उल्लासको पर्व पनि मानिन्छ । टाढा-टाढा रहेका परिवारका सदस्यहरु र आफन्तहरु एक ठाउँमा जम्मा भई रमाइलो गर्ने, मिठो खानेकुराहरु खाने र शुभकामना आदानप्रदान गर्ने पर्वको रुपमा दशैंलाई मानिन्छ । दशैंमा विशेषगरी मासु खाने प्रचलन छ । दशैंमा मासु खाने प्रचलन विगतमा व्यापक भएपनि पछिल्लो समयमा मानिसहरुमा बढ्दै गएको स्वास्थ्य सम्बन्धी समस्याको कारण मासुप्रति अलि सचेत बन्ने अवस्था आएको छ । सुगर, प्रेसर र युरिक एसिड जस्ता नसर्ने रोगहरुबाट धेरै मानिस ग्रसित भएको कारण आजकल मासु धेरैको रोजाईमा पर्न छाडेको छ । त्यसैगरी मासु धेरै खानाले झाडापखाला र हैजा जस्ता समस्या पनि हुने गर्छ । दशैंमा सिङ्गै खसी, बोका, राँगो, भेडा, च्याङ्ग्रा लगायत काटेर खाने गरिन्छ । एकपटक काटेको ती वस्तु धेरै दिनसम्म राखेर खाने गर्नाले पनि मासुको कारण झाडापखाला र हैजा जस्ता समस्या हुने गर्छ । यसबाट बच्न सक्नुपर्छ । त्यसकारण पनि एकै दिन काटेको मासु धेरै दिनसम्म खाने भन्दा पनि प्रत्येक दिन ताजा मासु उपभोग गर्नुपर्छ । प्रत्येक दिन ताजा मासु खान सम्भव नभए डिफ्रिजमा राखेको मासु मात्र उपभोग गर्नुपर्छ । झाडापखालाले बालबालिका र ज्येष्ठ नागरिकहरु बढि संक्रमित हुने गर्छन् । रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता कम भएका मानिसहरुमा बढि झाडापखालाको असर पर्न सक्छ । त्यसकारण एक पटकको रमाइलोले दशैंपछि पनि स्वास्थ्य सम्बन्धी समस्याबाट लामो समय गुज्रनुपर्ने हुँदा स्वास्थ्य प्रति बढि सचेत बन्नुपर्छ । त्यसैले स्वच्छ र स्वस्थ मासु सेवन गरौं, निरोगी बनौं । यो सन्देश आफूले पनि मनन गरौं र अरुलाई पनि बताउँ ।

## २६ वर्षमा...

महिनामै हिसाब खोज्दै जनतालाई भ्रम छर्दै हिंडेको आरोप लगाए ।

आफू पाँच वर्षको लागि जनताबाट निर्वाचित भएको भन्दै सांसद श्रेष्ठले पाँच वर्ष पछि कांग्रेसको २६ वर्षको र आफ्नो पाँच वर्षको विकासको तुलना दमौलीको अनसन चौतारीमा बसेर गर्ने चुनौती दिए । अहिले रुवावासी गर्दै हिंड्नुको कुनै अर्थ नहुने भन्दै पाँच वर्ष पर्खिन पनि सांसद श्रेष्ठले कांग्रेसका नेताहरुलाई सुझाव दिए । विगतमा नेकपाको पार्टी संयन्त्र गठनमा ढिलाई हुँदा विपक्षीले मैदान खाली भए झै ठानेर जनतालाई भ्रम छर्दै हिंडेको भन्दै सांसद श्रेष्ठले अब नेकपा मैदानमा उत्रिएपछि कांग्रेसलाई भाग्ने ठाउँ पनि नहुने चेतावनी दिए ।

कांग्रेसको सरकारले अर्थतन्त्र ध्वस्त बनाएर सरकार सुम्पेको भन्दै सांसद श्रेष्ठले अहिले प्रारम्भिक चरणमा अर्थतन्त्र सुदृढ बनाउन र मौलिक हक सम्बन्धी कानुन निर्माण गर्न सरकार लागेको कारण तत्काल विकास निर्माणको काम नदेखिएको भन्दै उनले अब सरकारले गति लिने विश्वास दिलाए ।

सामाजिक सुरक्षा भत्ता पाँच हजार पुऱ्याउने नेकपाको घोषणा पत्रको प्रतिबद्धता पाँच वर्ष भित्र कार्यान्वयन हुने विश्वास पनि सांसद श्रेष्ठले दिलाए । नेकपाको सरकारले गर्ने कामको कारण अबको कम्तिमा ३० वर्ष तनहुँमा कांग्रेसले पाईला राख्ने ठाउँ पनि नपाउने सांसद श्रेष्ठले दावी गरे ।

## ६४...

गरेको मतदाता नामावली संकलनमा एक सय १९ जना महिला र ९० जना पुरुष गरी दुई सय ९ जनाले नाम दर्ता गराएका थिए ।

शिविरकै अवसरमा घिरिङ गाउँपालिका-३ को सुन्धारामा सात वटा खाद्य पसलहरुको समेत अनुगमन गरिएको सहायक प्रमुख जिल्ला अधिकारी तुलसीराम पौडेलले जानकारी दिए ।

जनतालाई घरदैलोमा नजिकबाट सेवा पुऱ्याउने उद्धेश्यले प्रशासन कार्यालयले स्थानीय तहसँग समन्वय गरी हरेक महिना घुम्ती शिविर सञ्चालन गर्दै आइरहेको छ । यस अघि शुक्लागण्डकी नगरपालिकामा र देवघाट गाउँपालिकामा घुम्ती शिविर सम्पन्न भइसकेको छ ।

हार्दिक शुभकामना

विजयादशमी तथा शुभ दिपावली २०७५ को पावन अवसरमा सम्पूर्ण जिल्लावासीहरुमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रामचन्द्र पण्डित — जिल्ला इन्चार्ज
विजय श्रेष्ठ — सचिव
रुद्रसिं ठकुरी — अध्यक्ष

एवं

नेपाल निजामति कर्मचारी संगठन तनहुँ परिवार

**Government of Nepal (GoN)**
**Ministry of Federal Affair and Local Development**
**Office of Bandipur Rural Municipality**
Gandaki Pradesh
Bandipur, Tanahun

## Invitation for Sealed Bids for the Dharapani Khahare Baratar Seratar Rahutar Sukhaura Road Pitch Work

Contract Identification No: DKBSRSR/10/2075/076

***Date of publication: 2075 Ashoj 29***

1. The Government of Nepal GoN has allocated funds or received a loan/credit/grant from GoN towards the cost of Dharapani Khahare Baratar Seratar Rahutar Sukhaura Road Pitch Work and intends to apply part of the funds to cover eligible payments under the Contract for Dharapani Khahare Baratar Seratar Rahutar Sukhaura Road Pitch Work and identification number of Contract: DKBSRSR/10/2075/076. Bidding is open to all eligible Nepalese and Foreign Bidders.
2. Office of Bandipur Rural Municipality invites sealed bids from eligible bidders for the construction works of Dharapani Khahare Baratar Seratar Rahutar Sukhaura Road Pitch Work under National Competitive Bidding procedures. Only eligible bidders with the following key eligibility criteria should participate in this bidding.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Bandipur Rural Municipality, Bandipur, Tanahun, Tel No: 065-520123, 065-520177
4. A complete set of Bidding Documents may be purchased from the office of Bandipur Rural Municipality, Bandipur, Tanahun by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, Tax Clearance etc and upon payment of a non-refundable fee of NRs. 3000.00 till 2075 Kartik 27.

***<u>Information to deposit the cost of bidding document in Bank:</u>***

Name of the Bank :
Name of Office: Office of Bandipur Rural Municipality, Bandipur, Tanahun
Office Code no. : 43-365-05
Office Account no.: 5741498636524001 Rajaswa (revenue) NIC Asia Bank Ltd. Dumre Branch Office Account no.: 06003000000003000014 Dharauti (revenue) Nepal Bank Ltd., Damauli Branch

5. Pre-bid meeting shall be held at office of Bandipur Rural Municipality, Bandipur, Tanahun at 2075 Kartik 12 on 1:00hr.
6. Sealed bids must be submitted to the office of Bandipur Rural Municipality, Bandipur, Tanahun by hand/courier on or before 12:00 on 2075 Kartik 28. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hr. on 2075 Kartik 28 at the office of Bandipur Rural Municipality, Bandipur, Tanahun. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.1,70,000, which shall be valid for 30 days beyond the validity period of the bid. If the bidder wishes to submit the bid security in the form of cash, the bidder has to deposit cash in deposit account no : 5741498636524001 of Bandipur Rural Municipality, Tanahun in Nepal Bank Limited, Damauli, Tanahun and shall submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer Bandipur Rural Municipality shall has all the right for acceptance and rejection of the contractor in the bidding process.

| Contract No. | Description of Works | Minimum bid security amount | Estimated Amount Excluding Vat |
|---|---|---|---|
| DKBSRSR/10/2075/076 | *Dharapani Khahare Baratar Seratar Rahutar Sukhaura Road Pitch Work* | NRs. 1,70,000/- | NRs. 3389830.51/- |

आत्मनिर्भर, सफा, सुन्दर व्यास नगर

## व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, तनहुँ

**व्यक्तिगत घटना दर्ता गरौं**

**घटना घटेको ३५ दिनभित्र सम्बन्धित सम्बन्धित वडामा गई नि:शुल्क पाइने फारम भरी घटना दर्ता गरौं ।**

**घटना दर्ता कसले गर्ने ?**

- जन्म तथा मृत्युको दर्ता परिवारको मुख्य व्यक्तिले
- विवाह तथा सम्बन्ध विच्छेद घटना पति पत्नि दुवैले
- बसाईंसराईको घटना परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाईंसरी जाने व्यक्तिले

**समाज वा राष्ट्रलाई हुने फाइदा**

१. राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्न मद्दत मिल्ने ।
२. शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवा उपलब्ध गराउन मद्दत मिल्ने ।
३. खाद्यान्न कार्यक्रम सञ्चालन गर्न सहयोग हुने ।
४. आवासको व्यवस्था गर्न सहयोग हुने।

**व्यक्तिलाई हुने फाइदा**

१. घटना दर्ताको प्रमाणपत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
२. आमा, बाबु, उमेर आदिको वैधानिक प्रमाण हुने ।
३. स्कूलमा भर्ना हुनेका लागि सजिलो पर्ने ।
४. नागरिकता प्रमाणपत्र लिन सजिलो पर्ने ।
५. नाता कायम गर्न सजिलो पर्ने ।
६. चल अचल सम्पत्ति नामसारी गर्न सजिलो पर्ने ।
७. पति पत्निबीच वैधानिक सम्बन्ध कायम हुने ।
८. जीवन बिमा, पेन्सन, उपदान वा बैंकबाट रकम झिक्न सुविधा हुने ।
९. विदेश जानको लागि भिसा प्राप्त गर्न सुविधा हुने ।

# घिरिङमा वडा स्तरीय संयन्त्र गठन

**लोकवाणी संवाददाता**
**घिरिङ, असोज २८**

तनहुँको घिरिङ गाउँपालिकाका वडाहरुमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले वडा स्तरीय संयन्त्र गठन भएको छ ।

घिरिङ गाउँपालिका संयन्त्रका सदस्य होमबहादुर थापाको अध्यक्षता, जिल्ला संयन्त्र तनहुँका सदस्य विष्णुभक्त सिग्देल र भक्तबहादुर रसाइलीको विशेष आतिथ्यतामा सम्पन्न बैठकले गाउँपालिकाका ५ वटै वडामा वडा स्तरीय संयन्त्र गठन गरेको हो ।

जसअनुसार वडा नम्बर १ मा जिवलाल खनाल, रामजी अर्याल, एसवि सिग्देल, गोपबहादुर विक, तुलबहादुर थापा, यमित सुनार, वडा नम्बर २ मा एचवि आले, रामराज श्रेष्ठ, विनु थापा, नहलसिं विक, आश बहादुर थापा, गिरबहादुर थापा, वडा नम्बर ३ मा होमराज श्रेष्ठ, टिएस राना, जश बहादुर गुरुङ, बुद्धबहादुर थापा, चन्द्रकला थापा, रामप्रसाद नेपाली, वडा नम्बर ४ मा बालकृष्ण ढकाल, जनक राना, प्रेम रानाभाट, जि काफ्ले, जीवन राना, भिमबहादुर कुमाल र वडा नम्बर ५ मा नवराज श्रेष्ठ, एसके श्रेष्ठ र खिमबहादुर विक रहेका छन् ।

बैठकले वडा स्तरका संयन्त्रको बैठकका लागि जिम्मेवारी समेत प्रदान गरेको छ । जसअनुसार वडा नम्बर १

*(बाँकी पृष्ठ ४ मा)*

# अनसन...

निशुल्क इन्टरनेटको प्रयोगको व्यवस्था गरिएको वडा सदस्य रविन पौडेलले जानकारी दिए ।

एकै पटक एक सय जनाले प्रति व्यक्ति २ एमविपिएस डाटा बराबरको इन्टरनेट पयोग गर्न पाउने गरी वाईफाइको व्यवस्था गरिएको वर्ल्डलिंकका दमौली शाखाका प्रमुख मनोज मल्लले बताए । लगातार एक घण्टा चलाएपछि भने इन्टरनेट पुन कनेक्ट गर्नुपर्नेछ । साइवर क्राइम रोक्नका लागि यस्तो व्यवस्था गरिएको कम्पनीले जनाएको छ । वर्ल्डलिंककै ग्राहकका हकमा भने आफ्नै युजर नेम प्रयोग गरी लगातार पयोग गर्न पाईने बताइएको छ । चौतारा निर्माण समितिको आग्रहमा वर्ल्डलिंकले सामाजिक उत्तरदायित्व अन्तरगत निशुल्क रुपमा वाईफाईको व्यवस्था गरेको समितिका अध्यक्ष सुदिप काफ्लेले बताए । ३ सय २५ फुट लम्वाईको अपाङ्गमैत्री चौतारा सम्भवत देशकै पहिलो हुन सक्ने भन्दै अध्यक्ष काफ्लेले चौतारालाई नमुना बनाउने अभियान अर्न्तगत समितिको आग्रहमा कैलाश बैंकले बत्ती र वर्ल्डलिंकले इन्टरनेट जडान गरिदिएको जानकारी दिए ।

जडान तथा धरौटीका लागि सुरुमा लाग्ने १७ हजार र उपकरणका लागि लाग्ने विद्युतको व्यवस्था पथम पक्षले व्यहोर्नुपर्नेछ भने वाईफाई भने ५ वर्षका लागि निशुल्क प्रयोग गरिने सम्झौतामा उल्लेख गरिएको छ । सो क्षेत्रलाई रात्रिकालिन पर्यटकिय गन्तव्यका रुपमा समेत विकास गर्ने दिर्घकालिन लक्ष्य वडाले लिएको छ ।

# परियोजना...

अधिकारी भरतकुमार शर्मा लगायतले परियोजनाको महत्वका बारेमा मन्तव्य राखेका थिए ।

कार्यक्रममा परियोजना कार्यान्वयन इकाई जोन कार्यालय तनहुँका प्रमुख वरिष्ठ कृषि अधिकृत कुलप्रसाद अधिकारीले परियोजनाको समग्र पक्षहरुको बारेमा जानकारी गराएका थिए । उनले परियोजना अवधिभर तनहुँमा पाँच सय हेक्टरमा तरकारी खेती गर्ने लक्ष्य रहेको जानकारी गराए । यसपछि तनहुँ तरकारीमा आत्मनिर्भर हुने मात्र होइन त्यसले कृषकको आर्थिक स्तर पनि माथि उठ्ने अधिकारीको भनाई थियो।

# हार्दिक बधाई





**श्री प्रदीपराज अधिकारी**

यस विद्यालयका प्रिन्सिपल एवं सञ्चालक सदस्य **श्री प्रदीपराज अधिकारी** दमौली अस्पताल विकास समितिको **अध्यक्ष** पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**सञ्चालक सदस्य**

कृष्णनाथ वाग्ले, मेघराज शाही, सुमित्रा श्रेष्ठ, जानुका तिवारी,
लक्ष्मी गिरी, सावित्री न्यौपाने

**विष्णुप्रसाद वाग्ले**
अध्यक्ष

एवं

## मोर्डन चिल्ड्रेन एकेडेमी परिवार

व्यास-५ कुमालटारी, तनहुँ

## घिरिङमा ...

मा कार्तिक १० गते डि सिग्देल र चुननारायण श्रेष्ठ, वडा नम्बर २ मा कार्तिक १० गते होमबहादुर थापा, वि.वि. थापा, वडा नम्बर ३ मा कार्तिक ९ गते इन्द्र बहादुर थापा, भुवन विक, वडा नम्बर ४ मा कार्तिक ८ गते होमबहादुर थापा, चुननारायण श्रेष्ठ र वडा नम्बर ५ मा कार्तिक ९ गते डि सिग्देल र भुवन विकलाई जिम्मेवारी प्रदान गरिएको छ।

उक्त बैठकले आगामी कार्तिक १७ गते चाडपर्वको अवसरमा घिरिङ-५ स्थित देउरालीचोकमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ।

## धार्मिक महोत्सवमा भक्तजनको घुईचो

**कमलमोहन घिमिरे**

**खैरेनीटार, असोज २८**

जिल्लाको शुक्लागण्डकी नगरपालिका वडा नम्बर ६ स्थित तीनखोले देवी मन्दिर परिसरमा जारी श्रीमद्भागवत ज्ञान महायज्ञ एवं धार्मिक महोत्सवमा भक्तजनको घुइँचो लागेको छ। असोज २४ गतेदेखि शुरु महोत्सवको ३० गतेसम्म सञ्चालन हुनेछ।

आस्थाकी देवी तीनखोले देवी मन्दिर शुक्लागण्डकी नगरपालिका साथै नेपालकै धार्मिक पर्यटकीय क्षेत्र रहेको हुँदा दिनहुँ दानवीरहरुको बाक्लो उपस्थिति भईरहेको आयोजकले बताएको छ।

आर्थिक उपसमितिका सह-संयोजक बालकुमार वाग्लेका अनुसार महोत्सवमा हालसम्म ९ लाख ५० हजार दान संकलन भईसकेको छ। आयोजकका अनुसार महोत्सव अवधिभरिमा करिब २५ लाख दान संकलन हुने र करिब ८ लाख खर्च हुने अनुमान गरिएको छ।


## २०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



हार्दिक शुभकामना

**विजयादशमी तथा शुभ दिपावली २०७५** को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवं जिल्लावासीहरुमा सुख, शान्ति, समृद्धिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं।




**ऋषिराम भुषाल**
प्रोपाइटर
**सदिक्षा ग्लास हाउस**
व्यास-४, दमौली



हार्दिक शुभकामना

**विजयादशमी तथा शुभ दिपावली २०७५** को पावन अवसरमा सम्पूर्ण जिल्लावासीहरुमा सुख, शान्ति तथा समृद्धिको लागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं।




**कुलप्रसाद अधिकारी**
वरिष्ठ कृषि अधिकृत
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन इकाई (तरकारी जोन)**


## हार्दिक समवेदना



**जन्म**
**२००२/०१/१६**

**स्वर्गारोहण**
**२०७५/०६/१७**

**स्व. धनुमाया खनाल**

यस कोत्रे-जुवादी खानेपानी तथा सरसफाई उपभोक्ता समिति शुक्लागण्डकी-२ तनहुँका सचिव केशवराज खनालका ममतामयी माता **धनुमाया खनाल**को चारधाम तिर्थयात्राको क्रममा केदारनाथको पाउ गौरीकुण्डमा यही असोज १७ गते असमायिक निधन प्रति हामी अत्यन्त मर्माहत भएका छौं। यस दुखद घडीमा स्वर्गीय आत्माको बैकुण्ठ बास होस् भन्ने कामना सहित शोकाकुल परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनि ईश्वरसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**अध्यक्ष एवं**

**कोत्रे-जुवादी खानेपानी तथा सरसफाई उपभोक्ता समिति परिवार**

शुक्लागण्डकी-२ कोत्रे, तनहुँ

## हार्दिक बधाई



**श्री प्रदीपराज अधिकारी**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का युवा नेता एवं हाम्रा आदरणीय दाजु **श्री प्रदीप अधिकारी** दमौली अस्पताल विकास समितिको अध्यक्ष पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

**राजु विक**
अध्यक्ष एवं
**मदन आश्रित युवा क्लव परिवार**
व्यास-१, मुसेखोला

**लोकवाणी दैनिक अनलाइनमा पढ्न**
www.issuu.com/lokwanidaily


**लोकवाणी पब्लिकेशन प्रा.लि. का** लागि **अध्यक्ष/प्रधान-सम्पादक** : प्रेमप्रसाद पौडेल, **सम्पादक** :प्रकाशचन्द्र भट्टराई, **कानूनी सल्लाहकार** :त्रिभुवन श्रेष्ठ, **बजार व्यवस्थापक** : ऋषिकान्त दुवाडी (९८४६२७४६३६)
जि.प्रशा.का.तनहुँ द.नं. १२/०६३/०६४, जि.हु.द.नं. ११/०६३/०६४, फोन : ०६५-५६२७०५, व्यास नपा-३, सफासडक, दमौली **Email : lokwanidaily@gmail.com,** मुद्रणःविज्ञान प्रिन्टर्स, दमौली, फोन :०६५-५६०१२४